**04-01-2025** ओम् शान्ति प्रातः मुरली ‘‘बापदादा’’ मधुबन

“ मीठे बच्चे– तिमी जब अशरीरी बनेर बाबालाई याद गर्छौ तब तिम्रो लागि यो दुनियाँ नै खतम हुन पुग्छ , देह र दुनियाँ भुलिएको हुन्छ।”

प्रश्नः– बाबाद्वारा सबै बच्चाहरूलाई ज्ञानको तेस्रो नेत्र किन मिलेको छ?

उत्तरः– आफूलाई आत्मा सम्झेर, बाबा जो हुनुहुन्छ, जस्तो हुनुहुन्छ, त्यसै रूपमा याद गर्नको लागि तेस्रो नेत्र मिलेको छ। तर यो तेस्रो नेत्रले तब काम गर्छ जब पूरा योगयुक्त रहिन्छ अर्थात् एक बाबासँग सच्चा सच्चा प्रीत हुन्छ। कसैको नाम-रूपमा लट्केको हुनुहुँदैन। मायाले प्रीत राख्नमा नै विघ्न पुर्याउँछ। यसैमा बच्चाहरूले धोका खान्छन्।

गीतः– मरना तेरी गली में....।

ओम् शान्ति। तिमी ब्राह्मण बच्चाहरूले बाहेक यस गीतको अर्थ अरू कसैले बुझ्न सक्दैनन्। जसरी वेद-शास्त्र आदि त बनाएका छन् तर जुन कुरा पढ्छन् त्यसको अर्थ बुझ्न सक्दैनन्। त्यसैले बाबा भन्नुहुन्छ– मैले ब्रह्मा मुखद्वारा सबै वेद-शास्त्रको सार सम्झाउँछु, त्यस्तै यो गीतको अर्थ पनि कसैले बुझ्न सक्दैनन्, बाबाले नै यसको अर्थ बताउनु हुन्छ। आत्मा जब शरीरबाट अलग हुन्छ तब दुनियाँबाट सारा सम्बन्ध टुट्छ। गीतले पनि भन्छ– आफूलाई आत्मा सम्झेर अशरीरी बनेर बाबालाई याद गर तब यो दुनियाँ खतम हुन जान्छ। यो शरीर यस पृथ्वीमा छ, आत्मा जब यसबाट निस्किन्छ तब त्यस समयमा त्यसको लागि मनुष्य सृष्टि नै हुँदैन। आत्मा नाङ्गो बन्छ। फेरि शरीरमा आइसकेपछि मात्र पार्ट सुरु हुन्छ। फेरि एक शरीर छोडेर अर्कोमा गएर प्रवेश गर्छ। फर्केर महत् तत्त्वमा जाँदैन। उडेर अर्को शरीरमा जान्छ। यहाँ यस आकाश तत्त्वमा नै उसले पार्ट खेल्नुपर्छ। मूल वतनमा जाँदैन। जब शरीर छोड्छ तब न त यो कर्म बन्धन, न त्यो कर्म बन्धन रहन्छ। शरीरबाट नै अलग हुन जान्छ नि। फेरि जब अर्को शरीर लिन्छ तब त्यो कर्मबन्धन सुरु हुन्छ। यी कुरा तिमी बाहेक अरू कुनै पनि मनुष्यले जानेका छैनन्। बाबाले सम्झाउनु भएको छ– सबै बिलकुलै बेसमझ छन्। तर यस्तो कहाँ सम्झिन्छन् र! आफूलाई कति समझदार सम्झिन्छन्, पीस प्राइज दिइरहन्छन्। यो पनि तिमी ब्राह्मण कुल भूषणहरूले राम्ररी सम्झाउन सक्छौ। उनीहरूले त पीस केलाई भनिन्छ यो जानेकै छैनन्? कोही त मनको शान्तिको लागि महात्माहरूकहाँ जान्छन् । उनीहरूले त भन्छन्– यस दुनियाँमा शान्ति कसरी हुन सक्छ! यस्तो भन्दैनन्– निराकारी दुनियाँमा शान्ति कसरी हुन्छ? त्यो त हो नै शान्तिधाम। हामी आत्माहरू शान्तिधाममा रहन्छौं। तर उनीहरूले मनको शान्ति भन्छन्। उनीहरूले त जानेका छैनन्– शान्ति कसरी मिल्छ? शान्तिधाम त आफ्नो घर हो। यहाँ शान्ति कसरी मिल्न सक्छ? हो, सत्ययुगमा सुख, शान्ति, सम्पत्ति सबै हुन्छ, त्यसको स्थापना बाबाले गर्नुहुन्छ। यहाँ त कति अशान्ति छ। यो सबै अब तिमी बच्चाहरूले जान्दछौ। सुख, शान्ति, सम्पत्ति यहाँ नै थियो। त्यो वर्सा थियो बाबाको तर दु:ख, अशान्ति, विपन्नता यो वर्सा हो रावणको। यी सबै कुरा बेहदका बाबाले बसेर बच्चाहरूलाई सम्झाउनु हुन्छ। परमधाम निवासी बाबा ज्ञानका सागर हुनुहुन्छ, जसले हामीलाई सुखधामको वर्सा दिनुहुन्छ। उहाँले हामी आत्माहरूलाई सम्झाइरहनु भएको छ। यो त जानेका छौ– ज्ञान आत्मामा हुन्छ। उहाँलाई नै ज्ञानका सागर भनिन्छ। उहाँ ज्ञानका सागरले यस शरीरद्वारा विश्वको इतिहास-भूगोल सम्झाउनु हुन्छ। विश्वको अवधि त हुनुपर्छ नि। विश्व त सदा भइ नै रहन्छ । केवल नयाँ दुनियाँ र पुरानो दुनियाँ भनिन्छ। यो पनि मनुष्यलाई थाहा छैन। नयाँ दुनियाँबाट पुरानो दुनियाँ हुन कति समय लाग्छ?

तिमी बच्चाहरूलाई थाहा छ– कलियुगपछि सत्ययुग अवश्य आउनु छ। त्यसैले कलियुग र सत्ययुगको सङ्गममा बाबा आउनु पर्छ। यो पनि तिमीले जानेका छौ– परमपिता परमात्माले ब्रह्माद्वारा नयाँ दुनियाँको स्थापना, शङ्करद्वारा विनाश गराउनु हुन्छ। त्रिमूर्तिको अर्थ नै हो– स्थापना, विनाश, पालना। यो त सामान्य कुरा हो। तर यी कुरा तिमी बच्चाहरूले भुल्छौ। नत्र तिमीहरूलाई धेरै खुसी हुनुपर्छ। निरन्तर याद हुनुपर्छ। बाबाले हामीलाई अब नयाँ दुनियाँको लागि लायक बनाइरहनु भएको छ। तिमी बच्चाहरू नै लायक बन्छौ, अरू कोही बन्दैनन्। हो, जो अरू अरू धर्ममा परिवर्तन भएका छन्, उनीहरू आउन सक्छन्। फेरि यसमा परिवर्तन हुन्छन्, जसरी त्यसमा भएका थिए। यो सारा ज्ञान तिम्रो बुद्धिमा छ। सबैलाई सम्झाउनु छ– यो पुरानो दुनियाँ अब परिवर्तन हुन्छ।

महाभारत लडाइँ पनि अवश्य लाग्छ। यस समयमा नै बाबा आएर राजयोग सिकाउनु हुन्छ। जसले राजयोग सिक्छन्, उनीहरू नयाँ दुनियाँमा जान्छन्। तिमीहरूले सबैलाई सम्झाउन सक्छौ– उच्च भन्दा उच्च हुनुहुन्छ भगवान, फेरि ब्रह्मा-विष्णु-शङ्कर, फेरि यहाँ मुख्य छन् जगत् अम्बा, जगत् पिता। बाबा यहाँ नै आउनु हुन्छ ब्रह्माको तनमा, प्रजापिता बह्मा त यहाँ छन् नि। बह्माद्वारा स्थापना सूक्ष्म वतनमा त हुँदैन होला। यहाँ नै हुन्छ। यिनी व्यक्तबाट अव्यक्त बन्छन्। यिनी राजयोग सिकेर फेरि विष्णुका दुई रूप बन्छन्। विश्वको इतिहास-भूगोल बुझ्नुपर्छ नि। मनुष्यले नै बुझ्छन्। विश्वका मालिकले नै विश्वको इतिहास-भूगोल सम्झाउन सक्नुहुन्छ। उहाँ नै ज्ञानसागर, पुनर्जन्मरहित हुनुहुन्छ। यो ज्ञान कसैको बुद्धिमा छैन। परख गर्न सक्ने पनि बुद्धि चाहिन्छ। केही बुद्धिमा बसेको छ वा त्यस्तै छ, यो लक्षण हेर्नुपर्छ। एक अजमल खाँ प्रख्यात वैद्य थिए। भन्छन्– देख्ने बित्तिकै उनलाई बिरामीको बारेमा थाहा हुन्थ्यो। अब तिमी बच्चाहरूले पनि जान्नुपर्छ यो लायक छ वा छैन?

बाबाले बच्चाहरूलाई ज्ञानको तेस्रो नेत्र दिनुभएको छ, जसबाट तिमीले आफूलाई आत्मा सम्झेर, बाबा जो हुनुहुन्छ, जस्तो हुनुहुन्छ उहाँलाई त्यही रूपमा याद गर्छौ। तर यस्तो बुद्धि उनको हुन्छ जो पूरा योगयुक्त हुन्छन्, जसको बाबासँग प्रीतबुद्धि हुन्छ। सबै त छैनन् नि। एकअर्काको नाम-रूपमा फस्छन्। बाबा भन्नुहुन्छ– प्रीत त मसँग लगाऊ न। माया यस्तो छ जसले प्रीत लगाउन दिँदैन। मायाले पनि देख्छ मेरो ग्राहक जाँदैछ, त्यसैले एकदम नाक-कानमा समात्छ। फेरि जब धोका खान्छन् तब सम्झन्छन् मायाबाट धोका खाएँ। मायाजित जगतजित बन्न सक्दैनन्, उच्च पद पाउन सक्दैनन्, यसमा नै मेहनत छ। श्रीमतले भन्छ– मामेकम् याद गर्यौ भने तिम्रो बुद्धि जुन पतित छ त्यो पावन बन्छ। तर कतिलाई धेरै मुस्किल लाग्छ। यसमा विषय एउटै छ अल्फ र बे। बस्, दुई शब्द पनि याद गर्न सक्दैनौ! बाबा भन्नुहुन्छ-बाबालाई याद गर। फेरि पनि आफ्नो देहलाई, अरूको देहलाई याद गरिरहन्छन्। बाबा भन्नुहुन्छ– देहलाई देखेर पनि तिमीले मलाई याद गर। आत्मालाई अब तेस्रो नेत्र मिलेको छ– मलाई देख्न र सम्झिन, त्यसबाट काम लेऊ। तिमी बच्चाहरू अहिले त्रिनेत्री, त्रिकालदर्शी बन्छौ। तर त्रिकालदर्शी पनि नम्बरवार छन्। ज्ञान धारण गर्न कुनै मुस्किल छैन। धेरै राम्रोसँग जान्दछन् तर योगबल कम छ, देहीअभिमानीपन धेरै कम छ। सानो कुरामा क्रोध, जोश आउँछ, गिरिरहन्छन्। उठ्छन्, गिर्छन्। आज उठ्छन् भोलि फेरि गिर्छन्। देह अभिमान मुख्य हो, फेरि अझै विकार लोभ, मोह आदिमा फस्छन्। देहमा पनि मोह हुन्छ नि। माताहरूमा धेरै मोह हुन्छ। अहिले बाबाले त्यसबाट छुटाउनु हुन्छ। तिमीलाई बेहदका बाबा मिल्नुभएको छ भने फेरि मोह किन राख्छौ? त्यस समयमा अनुहार र कुराकानी बाँदर समान बन्छ। बाबा भन्नुहुन्छ– नष्टोमोहा बन, निरन्तर मलाई याद गर। पापको बोझ शिरमा धेरै छ, त्यो कसरी उत्रिन्छ? तर माया यस्तो छ, जसले याद गर्न दिँदैन। जतिसुकै दिमाग लगाए पनि घरी घरी बुद्धिलाई उडाइदिन्छ। कति कोसिस गर्छन् हामीले अति प्यारा बाबाको नै महिमा गरिराखौं। बाबा, अब हजुरको पास आएँ कि आएँ, तैपनि भुलिहाल्छन्। बुद्धि अन्तै जान्छ। यी नम्बरवनमा जाने ब्रह्मा पनि पुरुषार्थी हुन् नि।

बच्चाहरूको बुद्धिमा यो याद रहनु पर्छ– हामी ईश्वरीय विद्यार्थी हौं। गीतामा पनि छ– भगवानुवाच, मैले तिमीलाई राजाहरूका राजा बनाउँछु। केवल शिवको सट्टा श्रीकृष्णको नाम राखिदिएका छन्। वास्तवमा शिवबाबाको जयन्ती सारा दुनियाँमा मनाउनु पर्छ। शिवबाबाले सबैलाई दुःखबाट छुटाएर गाइड बनेर लिएर जानुहुन्छ। यो त सबैले मान्छन्– उहाँ नै मुक्तिदाता गाइड हुनुहुन्छ। सबैका पतित-पावन बाबा हुनुहुन्छ, सबैलाई शान्तिधाम-सुखधाममा लिएर जानेवाला हुनुहुन्छ भने उहाँको जयन्ती किन मनाउँदैनन्? भारतवर्ष निवासीले नै मनाउँदैनन्, त्यसैले भारतवर्षको नै यो नराम्रो गति भएको छ। मृत्यु पनि नराम्रो गतिबाट हुन्छ। उनीहरूले बमहरू यस्ता बनाउँछन् ग्याँस निस्क्यो खतम भयो, जसरी क्लोरोफर्म लाग्छ। यो पनि उनीहरूले बनाउनु नै छ। यो बनाउन बन्द हुन असम्भव छ। जो कल्प पहिला भएको थियो त्यही अब दोहोरिन्छ। यी मिसाइलहरू र प्राकृतिक प्रकोपबाट पुरानो दुनियाँको विनाश भएको थियो, त्यही अब पनि हुन्छ। विनाशको समय भइसकेपछि ड्रामा योजना अनुसार कर्ममा आउँछन् नै, ड्रामाले विनाश अवश्य गराउने छ। रगतका नदी यहीं बग्छन्। गृहयुद्धमा एक-अर्कालाई मार्छन्। तिमीहरूमा पनि थोरैले मात्र जानेका छौ– यो दुनियाँ परिवर्तन भइरहेको छ। अब हामी जान्छौं सुखधाममा। त्यसैले सदा ज्ञानको अतीन्द्रिय सुखमा रहनु पर्छ। जति यादमा रहन्छौ त्यति सुख बढ्दै जान्छ। फोहोरी देहबाट नष्टोमोह हुँदै जान्छन्। बाबा केवल भन्नुहुन्छ– अल्फलाई याद गर, तब बे बादसाही तिम्रो हुन्छ। सेकेण्डमा बादसाही। बादसाहको बच्चा पनि बादसाह बन्छ नि। त्यसैले बाबा भन्नुहुन्छ– मलाई याद

गरिराख अनि चक्रलाई याद गर तब चक्रवर्ती महाराजा बन्छौ। त्यसैले गायन पनि छ– सेकेण्डमा जीवनमुक्ति, सेकेण्डमा वेगर टु प्रिन्स। कति राम्रो छ। त्यसैले श्रीमतमा राम्ररी चल्नुपर्छ। कदम कदममा राय लिनु पर्ने हुन्छ।

बाबा सम्झाउनु हुन्छ– मीठे बच्चे, ट्रस्टी बनेर रहयौ भने ममत्व मेटिन्छ। तर ट्रस्टी बन्नु सानी माँको घर होइन। यिनी स्वयं ट्रस्टी बने, तिमी बच्चाहरूलाई पनि ट्रस्टी बनाउँछन्। यिनले केही लिन्छन् र? भन्छन् तिमी ट्रस्टी भएर सम्हाल। ट्रस्टी बन्यौ भने फेरि ममत्व मेटिन्छ। भन्छन् पनि– ईश्वरले नै सबै कुरा दिनुभएको हो। फेरि केही नोक्सान पर्यो वा कोही मर्यो भने बिरामी हुन्छन्। केही मिल्यो भने खुसी हुन्छन्। जबकि भन्छन्– ईश्वरले दिनुभएको हो अब मर्यो भने किन रुन आवश्यक छ? तर माया कम छैन सानी माँको घर कहाँ हो र! यस समयमा बाबा भन्नुहुन्छ– तिमीले मलाई बोलाएका छौ– यस पतित दुनियाँमा हामी रहन चाहँदैनौं, हामीलाई पावन दुनियाँमा लिएर जानुहोस्, साथमा लिएर जानुहोस् तर यसको अर्थ पनि जानेका छैनन्। पतित-पावन आएपछि अवश्य शरीर खतम हुन्छ नि, तब त आत्मालाई लिएर जानुहुन्छ। यस्ता बाबाको साथमा प्रीतबुद्धि हुनुपर्छ। एकसँग नै लभ गर्नु छ, उहाँलाई नै याद गर्नु छ। मायाको तुफान त आउँछ। कर्मेन्द्रियहरूबाट कुनै विकर्म गर्नु हुँदैन। त्यो बेकाइदा हुन्छ। बाबा भन्नुहुन्छ– म आएर यस शरीरको आधार लिन्छु। यो यिनको शरीर हो नि। तिमीले याद बाबालाई गर्नु छ। तिमीलाई थाहा छ– ब्रह्मा पनि बाबा, शिव पनि बाबा हुनुहुन्छ। विष्णु र शङ्करलाई बाबा भनिँदैन। शिव हुनुहुन्छ निराकार बाबा। प्रजापिता ब्रह्मा हुन् साकार बाबा। अहिले तिमीले साकारद्वारा निराकार बाबाबाट वर्सा लिइरहेका छौ। दादा यिनमा प्रवेश गर्नुहुन्छ। त्यसैले भनिन्छ दादाको वर्सा ब्रह्माद्वारा हामी लिइरहेका छौं। दादा हजुरबुबा हुनुहुन्छ निराकार, बाबा छन् साकार। यो आश्चर्यजनक नयाँ कुरा हो नि। त्रिमूर्ति देखाउँछन् तर बुझ्दैनन्। शिवलाई राखेका छैनन्। बाबाले कति राम्रा राम्रा कुरा सम्झाउनु हुन्छ, त्यसैले खुसी हुनु पर्छ– हामी विद्यार्थी हौं। बाबा हाम्रा बाबा, टिचर, सद्गुरु हुनुहुन्छ। अहिले तिमीले बेहदका बाबाबाट विश्वको इतिहास-भूगोल सुनिरहेका छौ फेरि अरूलाई सुनाउँछौ। यो ५ हजार वर्षको चक्र हो। कलेजका बच्चाहरूलाई विश्वको इतिहास-भूगोल सम्झाउनु पर्छ। ८४ जन्मको सिँढी के हो, भारतवर्षको चढ्ती कला वृद्धि र गिरती कला कसरी कम हुन्छ, यो सम्झाउनु छ। सेकेण्डमा भारतवर्ष स्वर्ग बन्छ फेरि ८४ जन्ममा भारतवर्ष नर्क बन्छ। यो त धेरै सहजै बुझ्ने कुरा हो। भारतवर्ष सत्ययुगबाट कलियुगमा कसरी आयो– यो त सबैलाई सम्झाउनु पर्छ। टिचरहरूलाई पनि सम्झाउनु पर्छ। त्यो हो जिस्मानी ज्ञान यो हो रुहानी ज्ञान। त्यो ज्ञान मनुष्यले दिन्छन्, यो ईश्वर बाबाले दिनुहुन्छ। उहाँ हुनुहुन्छ मनुष्य सृष्टिका बीजरूप, त्यसैले उहाँसँग मनुष्य सृष्टिको नै ज्ञान हुनुपर्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) यस फोहोरी देहबाट पूरा नष्टोमोहा बनेर ज्ञानको अतीन्द्रिय सुखमा रहनु छ। बुद्धिमा रहोस् अब यो दुनियाँ परिवर्तन भइरहेको छ। हामी जान्छौं आफ्नो सुखधाम।

२) ट्रस्टी बनेर सबै कुरा सम्हाल्दै आफ्नो ममत्व मेटाउनु छ। एक बाबासँग सच्चा प्रीत राख्नु छ। कर्मेन्द्रियहरूबाट कहिल्यै पनि कुनै विकर्म गर्नु छैन।

वरदानः– ब्रह्माबाबा समान सर्वश्रेष्ठ तस्बिर बनाउने परोपकारी भव

श्रेष्ठ स्मृति र श्रेष्ठ कर्मद्वारा तकदिरको तस्बिर त सबै बच्चाहरूले बनाएका छन्, अब केवल लास्ट टचिङ हो सम्पूर्णताको वा ब्रह्माबाबा समान सर्वश्रेष्ठ बन्ने, यसका लागि परोपकारी बन अर्थात् स्वार्थ भावबाट सदा मुक्त बन। हरेक परिस्थितिमा, हरेक कार्यमा, हरेक सहयोगी सङ्गठनमा जति निःस्वार्थपन हुनेछ त्यति नै परोपकारी बन्न सकिनेछ। सदा स्वयंलाई भरपुर अनुभव गर्नेछौ। सदा प्राप्ति स्वरूपको स्थितिमा स्थित रहनेछौ। स्वप्रति केही पनि स्वीकार गर्ने छैनौ।

स्लोगनः– सर्वस्व त्यागी बनेमा मात्र सरलता र सहनशीलताको गुण आउनेछ।